Journal of Tikapur Multiple Campus
Vol.6; June 2023
ISSN: 2382-5227
Published by Research Management Cell (RMC)
Tikapur Multiple Campus

# 'कान्छी, भट्टी र देश' कवितामा मार्क्सवादी चिन्तन

**महेन्द्र वाग्ले**
महेन्द्र बहुमुखी क्याम्पस, नेपालगञ्ज, नेपाल
Email: sajalwagle@gmail.com

**लेखसार**

प्रस्तुत लेखमा कृष्ण सेन 'इच्छुक'को 'कान्छी, भट्टी र देश' कवितालाई पाठका रूपमा लिई त्यसमा प्रयुक्त मार्क्सवादी चिन्तनमा विभिन्न आयामहरूको विश्लेषण र मूल्याङ्कन गरेर उक्त कविताको वैचारिकता निरूपण गरिएको छ । 'कान्छी, भट्टी र देश' कवितामा वर्गीय विचारलाई समेटेर नारीका वेदनालाई मुख्य केन्द्रमा राखेका छन् । यसमा नारीमाथि भएको शोषण, अन्याय अत्याचारको विरुद्धमा आवाज उठाई पितृसत्तात्मक सामाजिक र राज्यसत्ताको कारण नारीले भोगेको पीडा, शोषण र दमनको विरोध गरी वर्गीय पक्षधरतासहित नारी स्वतन्त्रता, स्वधीनता र समानताको पक्षमा उभिन आह्वानलाई प्रस्तुत गर्नु यस लेखको उद्देश्य हो । यस कवितामा विश्लेषणका निम्ति सोद्देश्यमूलक नमुना छनौट पद्धतिबाट पाठगत तथ्याङ्क सङ्कलन गरी सघन विश्लेषण गरिएको छ । त्यसका निम्ति मार्क्सवादमा आधारित सर्वहारा वर्गको पक्षधरता, कान्तिकारी आशावादको अवस्था र साम्यवादी लक्ष्यको विश्लेषणात्मक सैद्धान्तिक ढाँचाको उपयोग गरी सम्पन्न गरिएको छ र 'कान्छी, भट्टी र देश' कवितामा कान्छीजस्ता नारीले समाज तथा राष्ट्रका विभिन्न तहमा कष्टकर जीवनयापन गरिरहेको हुनाले अन्याय र असमानताको विरुद्धमा क्रान्तिको आह्वान गरी मुक्तिको बाटो रोज्नुपर्छ भन्ने निष्कर्ष निकालिएको छ ।

***शब्दकुञ्जी*** : पराइको मोर्चा, अबोध चेली, मुक्तिको बाटो, वर्गीय पक्षधरता, सर्वहारा

## परिचय

कवि कृष्ण सेन 'इच्छुक' (वि.सं. २०१३-२०७९) नेपालको राजनीति र साहित्य दुवै क्षेत्रमा परिचित व्यक्तित्व हुन् । उनी राजनीतिज्ञ, पत्रकार साथै साहित्यकारका रूपमा परिचित छन् । उनले नेपाली जनतामा भएको अन्याय, अत्याचार, पीडा र असमानताका पक्षहरूलाई माओवादी कार्यकर्ताका हैसियतले, पत्रकार र साहित्यकारका कलमले पनि विरोध जनाएका थिए । उनले २०५२ देखि माओवादीले चलाएको सशस्त्र द्वन्द्वको समर्थनमा कलम चलाउन थालेका थिए । जसको फलस्वरूप उनका कवितामा

*Copyright 2023 ©Author(s)* *This open access article is distributed under a Creative Commons Attribution-NonCommercial 4.0 International (CC BY-NC 4.0) License.*

मार्क्सवादी चिन्तनका माध्यमबाट समाज तथा राष्ट्रमा आमूल परिवर्तन हुनुपर्ने चिन्तनको अभिव्यक्ति भएको पाइन्छ । उनका शोकाञ्जली (२०४८), बन्दी र चन्द्रागिरि (२०५७), इतिहासको यस घडीमा (२०५६) जस्ता कृतिहरू प्रकाशित छन् । साहित्यकारका रूपमा पनि स्थापित भइसकेपछि उनी क्रान्तिकारी कविका रूपमा परिचित छन् । उनी जनयुद्धमा सहभागी भएपछि राज्य पक्षबाट मारिएका क्रान्तिकारी व्यक्तित्व हुन् । उनको सम्बन्धमा निरङ्कुश शासनले सोचेको थियो कि आफ्ना सिद्धान्त र कामहरू पनि उनीसँगै मर्नेछन तर उनी सधैँ छन् र लाखौँ मानिसका हृदयमा जीवित छन् (आचार्य, सन् २०११, पृ.८४) । यसबाट 'इच्छुक'को राजनीतिक र साहित्यिक योगदान कदर गरेको देखिन्छ । 'कान्छी, भट्टी र देश' कविता इच्छुक रचनावली भाग-२ (२०६५)मा सङ्गृहीत कविताहरूमध्ये एक उत्कृष्ट कविता हो । यो कविता प्रभुत्वशाली समाज तथा राज्य व्यवस्थाको अधीनमा रहेका नारीको अवस्थालाई प्रस्तुत गरेर सामन्ती राज्यव्यवस्थाको अन्त्य हुनुपर्ने विचारमा केन्द्रित छ । यसमा नारीलाई सम्बोधन गरेर उनका वेदनालाई प्रस्तुत गरिएको छ । कान्छीजस्ता नारीले सामाजिक असमानताको घेरामा बिताउन परेको कष्टप्रद जीवन यस कविताको मुख्य विषयवस्तु रहेको छ ।

कवि 'इच्छुक'ले निम्नवर्गीय नारीको जीवनचित्र प्रस्तुत गरेको यो 'कान्छी, भट्टी र देश' कवितालाई मार्क्सवादी चिन्तनको आधारमा विश्लेषण गरिएको छ । मार्क्सवादी चिन्तन सन् १८४८ को कम्युनिष्ट घोषणापत्रमा उल्लिखित चिन्तन हो । यस चिन्तनअनुसार समाजका दुई भागहरू छन् : आधार र अधिरचना । आधारले पुँजीवादी समाजको उत्पादनप्रक्रिया र त्ययसँग आबद्ध रहेको वर्गसङ्घर्षका मामिलाहरूलाई जनाउँछ । मार्क्सको भनाइअनुसार आधारले नै अधिरचनाको स्वरूपको निर्माण गर्छ तथा अधिरचनाले आधारको निहित वर्गविभेदलाई सुरक्षा दिने काम गर्छ (उप्रेती, २०६९, पृ. १६४) । मार्क्सवादले यही वर्गीय विभेदको केन्द्रियतालाई स्वीकार गरेको हुन्छ । मार्क्सवादी चिन्तनका आधारमा कृति विश्लेषण गर्दा पनि यही वर्गीय पक्षलाई हेरिन्छ । मार्क्सवादी समालोचनामा कृति विश्लेषण गर्ने महत्त्वपूर्ण बुँदाहरू निम्न स्वीकार गरिएको छ : (१) आर्थिक शक्ति, (२) आत्मवादका विरुद्ध भौतिकवाद, (३) वर्गसङ्घर्ष, (४) कला, साहित्य र विचारधारा र (५) सारवस्तु र रूप (एटम, पृ.१६८) । यी बुँदाहरूअन्तर्गत रहने 'कान्छी, भट्टी र देश' कविताको विषयसँग सम्बद्ध पक्षहरूलाई पहिल्याई सर्वहारा वर्गको पक्षधरता, क्रान्तिकारी आशावाद र साम्यवादी लक्षलाई आधार बनाएर कविताको विश्लेषण गरिएको छ ।

कवि इच्छुक एक क्रान्तिकारी व्यक्ति हुन् । उनले आफू भूमिगत हुँदाको अवस्थामा नेपाली नारीहरूले भोग्नुपरेको शोषण र पीडालाई नजिकबाट परिचित भए । त्यही अनुभवबाट सिर्जित 'कान्छी, भट्टी र देश' कवितामा नेपाली नारीले जीवनका हरेका मोडमा असमानताको सामना कसरी गर्नुपरेको छ र त्यसबाट मुक्तिका लागि कुन बाटो पहिल्याएका छन् भन्ने विचार नै यस अध्ययनको मुख्य समस्या हो । मार्क्सवादी चिन्तनको वर्गीय सङ्घर्षमा निम्नवर्गको केकस्तो अवस्था रहेको छ र उनीहरूले वर्गीय मुक्तिका लागि कस्तो कदम चालेका छन् भन्ने विषयको अध्ययन गर्न आवश्यक हुन्छ । मार्क्सवादी चिन्तनको केन्द्रियतामा अध्ययन गरिएको यस लेखमा निम्नलिखित उद्देश्यहरू रहेका छन् :

- कान्छी, भट्टी र देशकवितामा सर्वहारा वर्गको पक्षधरता विश्लेषण गर्नु,
- कान्छी, भट्टी र देश कवितामा क्रान्तिकारी आशावादको अवस्थाको विश्लेषण गर्नु र
- कान्छी, भट्टी र देश कवितामा साम्यवादी लक्ष्य पहिल्याउनु ।

## पूर्वकार्यको समीक्षा

कृष्ण सेन ‘इच्छुक’ मार्क्सवादी चिन्तनलाई सशक्त रूपमा प्रस्तुत गर्ने कवि हुन् । क्रान्तिकारी विचारलाई साहित्य सिर्जनामा जोडेर नेपाली कविताको क्षेत्रमा देखा परेका ‘इच्छुक’ का कृतिहरूको सामान्य अध्ययन भए पनि कविताकृतिको सुव्यवस्थित विश्लेषण भएको पाइँदैन । उनका सम्बन्धमा समीक्षा, विश्लेषण र पत्रिपत्रिकाका टिप्पणीहरू भएका छन् । तीमध्ये केही महत्त्वपूर्ण विचारहरूलाई पूर्वकार्य समीक्षाको रूपमा प्रस्तुत गरिन्छ :

चैतन्य (२०६५)ले आजको प्रतिनिधिमूलक कवितासङ्ग्रह शीर्षकको लेखमा ‘इच्छुक’ लाई वर्गसङ्घर्षको भावलाई घनीभूत ढङ्गले अभिव्यक्त गर्ने कवि ठानेका छन् । चैतन्यले ‘इच्छुक’ का कविता उत्पीडन र हस्तक्षेप विरुद्धको आवाज भएको उल्लेख गरेका छन् । उनले इच्छुकका कवितामा अन्तर्वस्तु र रूपका बिच द्वन्द्वात्मक एकत्व पाइन्छ भनेका छन् । यी भनाइबाट उनका कविताहरूमा वर्गीय विचार घनीभूत रूपमा प्रस्तुत  भएको कुरा प्रस्ट हुन्छ ।

पाण्डेय (२०५४) ले द्वन्द्वरत वर्तमान र वर्तमानको कविता लेखन शीर्षकको लेखमा द्वन्द्वरत वर्तमानमा कवि कृष्ण सेन ‘इच्छुक’ का कविता जनसमरसिर्जित नवयथार्थको अभिव्यञ्जनामा निकै सक्रिय रहेको बताएका छन् । उनले ‘इच्छुक’ का कवितामा द्वन्द्वरत वर्तमानको यथार्थ पक्षलाई प्रभावकारी ढङ्गले अभिव्यक्त भएको कुरा उल्लेख गरेका छन् । उनले ‘इच्छुक’ का प्रवृत्तिलाई नियाल्दै युद्धको प्रतिकूल परिस्थितिबिचमा पनि स्वर्णिम भविष्यको कामना गर्ने र त्यसमा मानव जीवन मुस्कुराइरहेको हुने विषयअनुभव गरेको कुरा उल्लेख गरेका छन् । यसमा ‘इच्छुक’ लाई उज्ज्वल भविष्यप्रति आशावादी कविका रूपमा हेरेका छन् ।

‘इच्छुक’ (२०६५) को इच्छुक रचनावली भाग-२ को भूमिका लेखनहरूमा ‘इच्छुक’लाई प्रगतिवादी कविका रूपमा परिचित गराइएको छ । उनका कविताहरूमा शब्द र कर्मको मेल हुनुका साथै जीवन्त, सजीव, सम्प्रेषणयुक्त र लयात्मकता रहेको विषयवस्तुको उल्लेख गरेका छन् । प्रगतिवादी विचारलाई प्रस्तुत गरिएका उनका कविताहरू विचारका दृष्टिले उच्च रहेका र भाषिक संरचनामा कोमलता भएको समेत उल्लेख गरिएको छ । यसमा ‘इच्छुक’ श्रम-सौन्दर्यको पक्षधर र श्रमजीवी वर्गको मुक्तिका नायक भनिएको छ । यसबाट ‘इच्छुक’ का कवितामा वर्गीय पक्षधरता रहेको र वर्गीय मुक्तिका लागि आवाज उठाइएका विषयहरू रहने प्रस्ट हुन्छ ।

प्रभात (२०५६) ले इतिहासको यस घडीमा इच्छुक शीर्षकको लेखमा ‘इच्छुक’ का कवितामा सन्तुलन र कुशलताको कमी रहेको टिप्पणी गरेका छन् । उनले ‘इच्छुक’ का कविता सामान्य र साधनाशील भएको उल्लेख गरेका छन् । यसमा ‘इच्छुक’ का कवितामा भाव र भावना भएर पनि शिल्प र गेयात्मकका दृष्टिले कमजोर रहेका, अन्तर्वस्तु र रूपको सन्तुलनमा मेल हुनुपर्ने सङ्केत गरेका छन् । साथै कवितामा सुधारका विविध पक्षहरू रहेको टिप्पणी पनि उल्लेख गरिएको छ ।

बराल (२०५७) लेबन्दी र चन्द्रागिरिको भूमिकामा ‘इच्छुक’को काव्य प्रवृत्ति पहिल्याएका छन् । उनले ‘इच्छुक’ का कवितामा ग्रामीण क्षेत्रका विषयवस्तु नजिकैबाट अनुभूत गर्ने र स्थानीय रङ्गलाई

पनि प्रस्तुत गर्ने बताएका छन् । त्यस्तै 'इच्छुक' का कवितामा प्रकृतिलाई विचारसँग घोलेर मानवीकरण गर्ने प्रवृत्ति पाइने उल्लेख छ । यस लेखमा बराललले नवीन बिम्ब र प्रतीकहरूको प्रयोगबाट नवीन आदर्शको उद्‌बोधन गर्ने 'इच्छुक' को कवितात्मक विशेषता रहेको बताएका छन् । अतः 'इच्छुक' का कवितामा बिम्ब र प्रतीकको प्रयोगको माध्यमबाट निम्नवर्गीय समस्याहरूलाई प्रस्तत‌ु गरिने सङ्केत यस लेखबाट प्राप्त भएको छ ।

भण्डारी (२०५९) ले 'इच्छुक : अग्रगामी चेत र विद्रोहका उत्कृष्ट कवि'शीर्षकको लेखमा ' इच्छुक'को परिचय दिएका छन् र उनका तीनओटा कृतिको चर्चा गरेर निष्कर्ष निकालेका छन् । यसमा कवि 'इच्छुक'लाई क्रान्तिकारी भावदृष्टि भएका सर्वहारावादी कवि भनेका छन् । यस लेखमा 'इच्छुक'का कविता सहज, सुबोध र हृदयसंवेद भएको उल्लेख गरेका छन् । गद्यलयमा लेखिने 'इच्छुक'का कवितामा साङ्गीतिक विशेषता रहेको र गेयात्मक भएको समेत भण्डारीले बताएका छन् । त्यस्तै उनी मार्क्सवादी चिन्तनबाट प्रभावित भएको विषयलाई विद्रोहका साथै अनुभूत यथार्थ र अग्रमामी चेत उनका कवितामा अभिव्यक्त भएको विषय हो भनेर निष्कर्ष निकालेका छन् । भण्डारीले 'इच्छुक'का कवितामा मुलतः जनताको मुक्ति, सङ्घर्ष र सङ्घर्षशील प्रवृत्तिको अभिव्यञ्जना भएको समेत उल्लेख गरेका छन् । यसबाट कवि 'इच्छुक'का कवितामा साम्यवादी चिन्तन तथा मार्क्सवादी चिन्तनको अभिव्यक्ति भएको देखिन्छ ।

लुइँटेल (२०६०) ले कविता सिद्धान्त र नेपाली कविताको इतिहासमा कवि कृष्ण सेन 'इच्छुक' लाई प्रगतिवादी चिन्तक मानेका छन् । उनले 'इच्छुक'का कविता प्रगीतात्मक र आख्यानात्मक संरचनामा आबद्ध हुने बताएका छन् । यस पुस्तकमा कवि 'इच्छुक' का कवितामा वर्गीय पक्षधरता, वर्गप्रेम, बलिदानी भावना, बन्दी जीवनका पीडाजन्य अनुभूति, वर्गविभेदको विरोध, जागरणको स्वर आदि अभिव्यञ्जित हुने बताएका छन् । यसमा कवि 'इच्छुक' लाई क्रान्तिकारी, मार्क्सवादी सौन्दर्य चिन्तकका रूपमा परिचित गराइएको छ । यसबाट 'इच्छुक' का कवितामा वर्गीय पक्षधरता तथा वर्गीय विचार प्रस्तुत हुने प्रस्ट हुन्छ ।

समग्रमा कवि 'इच्छुक' का कवितामा विभिन्न बिम्ब र प्रतीकको माध्यमबाट वर्ग विभेद, स्थानीय विषय, बलिदान, जागरणको स्वर, जनताको मुक्तिको चाहना, निम्नवर्गीय परिस्थिति आदिलाई विषयवस्तु बनाइएको हुन्छ । उनका कवितामा उपर्युक्त विषयहरूको केन्द्रीयतामा मार्क्सवादी चिन्तन प्रस्तुत भएको प्रस्ट भएकाले उनको 'कान्छी, भट्टी र देश' कवितालाई मार्क्सवादी चिन्तनको केन्द्रीयतामा अध्ययन गरिएको छ ।

## अध्ययन विधि

प्रस्तुत अध्ययनमा उद्देश्यमूलक नमुना छनोट विधिका आधारमा कृष्ण सेनको 'कान्छी, भट्टी र देश' कवितालाई छनोट गरिएको छ । मार्क्सवादी अध्ययन साहित्य र समालोचनाको क्षेत्रको निकै महत्त्वपूर्ण अध्ययन पद्धति हो । प्रस्तुत अध्ययनमा मार्क्सवादसँग सम्बन्धित आवश्यक पर्ने सामग्रीहरू सङ्कलन गर्न प्राथमिक तथा द्वितीय स्रोतको उपयोग गरिएको छ । यसका लागि पुस्तकालयीय सामग्री सङ्कलन विधिलाई प्रमुख आधार बनाई 'कान्छी, भट्टी र देश' कवितालाई प्राथमिक स्रोतको सामग्रीको

रूपमा उपयोग गरिएको छ भने अध्ययनसँग सम्बन्धित अन्य सामग्रीहरू र प्राज्ञिक विषयसँग सम्बद्ध विषयको जानकारीका लागि द्वितीय स्रोतका रूपमा पुस्तकालयको प्रयोग गरिएको छ । 'कान्छी, भट्टी र देश' कवितामा मार्क्सवादी चिन्तनको अध्ययन गर्दा मार्क्सवादी सिद्धान्तसँग सम्बद्ध रहेर सर्वहारा वर्गको पक्षधरता, क्रान्तिकारी आशावादिता र साम्यवादी लक्ष्य शीर्षकमा आधारित रही तुलनात्मक तथा विश्लेषणात्मक पद्धतिबाट अध्ययन गरिएको छ । मार्क्सवादसँग सम्बन्धित स्थापित सिद्धान्तका आधारमा सामग्री विश्लेषणको आधार तय गरिएकाले यसमा निगमनात्मक विधिको उपयोग गरिएको छ भने कविताको सन्दर्भलाई समेत उल्लेख गरी आगमनात्मक विधिको समेत उपयोग गरिएको छ साथै गुणात्मक ढाँचाको प्रयोग गरी निष्कर्ष निकालिएको छ ।

## सैद्धान्तिक पर्याधार

मार्क्सवादी सिद्धान्तलाई वैज्ञानिक सिद्धान्त मानिन्छ । मार्क्सवाद कार्ल मार्क्स र फ्रेडरिक एङ्गेल्सद्वारा प्रतिपादन गरिएको सर्वहाराको पक्षमा आवाज उठाइएको विचारधारा हो । यो वर्गसङ्घर्ष, इतिहासमा बलप्रयोग र सर्वहारा वर्गको अधिनायकत्वमा आधारित छ । यसको मूल आदर्श साम्यवादको प्राप्ति हो । यसमा सर्वहारा तथा श्रमजीवी वर्गको मुक्तिका लागि सङ्घर्ष आवश्यक रहेको ठानिन्छ । मार्क्सवादलाई द्वन्द्वात्मक ऐतिहासिक भौतिकवादी दृष्टिकोणबाट हेर्ने र सोहीअनुसार व्याख्या गरेर सर्वहारा वर्गको जीवनका पक्षहरूलाई प्रस्तुत गरिन्छ । मार्क्सवादले कला तथा साहित्यलाई अधिरचनाको रूपमा व्याख्या गर्छ । यस अधिरचनारूपी कलाले समाजमा आर्थिक आधारको विचारधारात्मक प्रतिबिम्बन गरी अस्तित्ववान् हुन्छ भन्ने मान्यता राख्छ । आर्थिक धरातल (आधार) माथि उभिएको विशाल अधिरचनालाई मार्क्सले विचारधारात्मक अधिरचना भनेका छन् (पाण्डेय, २०७३,पृ.१५६-१५७) । यस आधारमा कलासाहित्य पनि विचारधाराकै रूप भएको प्रस्ट हुन्छ । कलासाहित्यको रूप र अन्तर्वस्तुलाई आधारले निरपेक्ष रूपमा प्रभाव पारेको हुन्छ । त्यसैले आर्थिक आधार मात्र उत्पादन र पुनः उत्पादन होइन । एङ्गेल्सका अनुसार आर्थिक स्थिति आधार त हो तर अधिरचनाका थुप्रै तत्त्वहरूले ऐतिहासिक सङ्घर्षलाई प्रभावित तुल्याउँछ र थुप्रै अवस्थामा रूपलाई पनि निर्धारण गर्छ (पाण्डेय, २०७३ पृ.१५५) । यसबाट कला कलासाहित्यलाई अधिरचनाको रूपमा प्रथमिक शक्ति नभएको तर सामाजिक परिवर्तनको लागि एक माध्यमका रूपमा स्वीकार गरिएको देखिन्छ । समाजमा हुने परिवर्तनको मुख्य निर्णायक र आधारभूत तत्त्व आर्थिक आधार भएको मार्क्सवादले बताउँछ । अधिरचनाले त आधारलाई वैधता प्रदान गर्नमा भूमिका निर्वाह गर्दछ । मार्क्सवादी चिन्तनमा आधारले अधिरचनाका रूप र अन्तवस्तुको निर्माण र निर्धारण गर्छ । यस आधारमा कलासाहित्यले समाज परिवर्तका लागि भूमिका निर्वाह गर्छ भन्ने कुरा मार्क्सवादी चिन्तनमा समाहित छ भन्ने प्रस्ट हुन्छ ।

मार्क्सवादी चिन्तनमा समाज वर्गीय हुन्छ । वर्गीय समाजमा विचारधाराको प्रवाहमा कलासाहित्य पनि वर्गीय हुन्छ । मार्क्सवादले कलासाहित्यलाई आधारको विचारधारात्मक प्रतिबिम्बन भने पनि यो दर्शन र राजनीतिझैँ विशुद्ध विचारधारा होइन र यसमा इन्द्रियबोध र भावहरूको सान्निध्यमै विचारको उपस्थिति रहन्छ भन्ने कुरा स्वीकार गरेको छ (मिश्र, सन् २०१०, पृ.३०२) । कलामा सौन्दर्य 'सार' (अन्तर्वस्तु) र 'रूप' (भाषा र संरचनागत पक्ष)को द्वन्द्वात्मक समष्टि हो । मार्क्सवादी सौन्दर्यशास्त्रको अवधारणामा

साहित्यमा सामाजिक यथार्थको चित्रण हुनुको सार्थ सर्वहारा वर्गको पक्षधरता, क्रान्तिप्रति आशावादी र साम्यवादी लक्ष्यलाई अन्तर्वस्तु बनाइएको हुन्छ । यसलाई श्रमद्वारा निर्मित सुन्दर वस्तु ठानिन्छ । रूप पक्ष भनेको भाषिक कलाको पक्ष हो । सर्वहारा वर्गको पक्षमा प्रस्तुत हुने भाषिक कला सरल, लयात्मक र जनसाधारणका निम्ति सम्प्रेषणयोग्य हुनुपर्छ । यसमा समाजवादी अन्तर्वस्तु र जनपक्षीय भाषाको प्रयोगले साहित्य सुन्दर बनेको हुनुपर्छ । यही जनवादी साहित्यको माध्यमबाट साम्यवादी आदर्शको सौन्दर्य प्रस्तुत गरिन्छ। मार्क्सवादले मूलतः ऐतिहासिक भौतिकवाद र द्वन्द्वात्मक भौतिकवादका सापेक्षतामा मानव जीवन, समाज र त्यसको इतिहास अनि कला साहित्यमा रहेका सुन्दर पक्षको खोजी गर्छ। यसलाई व्यवहारिक सिद्धान्त मानिएको छ। मार्क्सवाद कुनै जडसूत्र वा सिद्धान्त नभएर व्यवहारलाई पथ प्रदर्शन गर्ने सदा गतिशील सिद्धान्त हो (भट्ट, २०५५, पृ. ६०९) । त्यसैले मार्क्सवादी विचारमा कलासाहित्यको कार्य यथार्थको चित्रण गर्नु मात्र नभई व्यवहारिक पक्षसँग सम्बद्ध रही सामाजिक सुधारको लागि सामाजिक यथार्थको खोजी गर्नु पनि हो ।

मार्क्सवादले सम्पूर्ण मानवसमाजको इतिहासलाई वर्गसङ्घर्षका दृष्टिले हेर्छ। समाज वर्गीय हुने र समाजको विकास प्रक्रियामा भएका वर्गसङ्घर्ष, वीरता, क्रान्ति र सर्वहारा वर्गको विजयका पक्षहरूलाई यसले महत्त्वका साथ हेर्छ। मार्क्सवादी साहित्य मार्क्सवादसँग सम्बद्ध छ । मार्क्सवादी साहित्यमा वर्गीय समाजका यथार्थ विषयमा सामाजिक असमानता, शोषण, दमन, उत्पीडन, अन्याय, अत्याचार, जनघात, अधीनस्थता आदि विषयहरू प्रस्तुत हुन्छन् । समाजमा निम्न वर्गमा गरिने विभिन्न प्रकारका शोषण, अन्यायका विषयहरू मानव समाजका असुन्दर कुरूप पक्ष हुन् भने सर्वहारा वर्गका पक्षका वर्गीय द्वन्द्व, जनविद्रोह, क्रन्ति, साहदात, जित, परिवर्तन आदि सुन्दर पक्ष हुन् । वर्गसङ्घर्षले र त्यसै वर्गसङ्घर्षले विकास गरेको सामाजिक विकास आफैँमा सुन्दर कला हो (बराल, २०६७, पृ. ४९) । यसको तात्पर्य सामन्ती पूँजीवादी समाजका पक्षहरू असुन्दर हुन् र तिनका विरुद्धका चित्रणहरू नै सुन्दर पक्षका रूप हो । त्यसैले लेलिनले साहित्यलाई सर्वहारा वर्गको एक अस्त्रका रूपमा स्वीकार गरी साम्यवादी साहित्यको आह्वान गरेका छन् (त्रिपाठी, २०५८, पृ. १५०) । लेलिनले साहित्य सर्वहारा वर्गका लागि लेखिनुपर्ने र साम्यवाद निर्माणको साझा उद्देश्य हुनुपर्ने बताएका छन् । अत : मार्क्सवादमा जनवादी विचार हुने र साम्यवाद नै मानव जातिको मुक्ति र कल्याणको बाटो हुने देखिन्छ। त्यसैले यो आध्यात्मिक तथा आदर्श विरुद्धको वस्तुवादी भौतिक विचार पनि हो । यही भौतिकवादी विचारलाई अंगिकार गरेर सर्वहारा वर्गले वर्ग उन्मुलनको लागि सङ्घर्ष गर्नुपर्छ । वर्गहरूको उन्मूलनको अर्थ समग्र रूपमा समाजको अधीनस्थ रहेका उत्पादन साधनहरूको सम्बन्धमा सबै नागरिकहरूलाई समान स्तरमा राख्नु हो। नागरिकहरूलाई समान स्तरमा राख्नका लागि साम्यवाद निर्माण गर्नुपर्ने भएकाले मार्क्सवादी चिन्तनमा साहित्य साम्यवाद निर्माणको बाटोमा उन्मुख हुनुपर्छ।

मार्क्सवादका सम्बन्धमा विभिन्न चिन्तकहरूका आआफ्नै परिभाष भए पनि मूलतः साहित्यसँग जोडेर हेर्दा समाजको भौतिक विकाससँग सम्बद्ध रहेको पाइन्छ र वस्तुगत यथार्थको कलात्मक प्रतिबिम्बन साहित्यमा हुनुपर्ने मानिन्छ । यही कलात्मक रूपको वस्तुगत अध्ययनको केन्द्रमा रही यस लेखमा ' कान्छी, भट्टी र देश' कवितामा सर्वहारा वर्गको पक्षधरता, क्रान्तिकारी आशावाद र साम्यवादी लक्ष्यलाई पहिल्याउने कार्य गरिएको छ ।

## नतिजा र छलफल

छलफल र विश्लेषणमा विवेच्य कविताका विविध पक्षबारे उद्देश्यहरूअनुरूप व्याख्या, विश्लेषण गरी निष्कर्षमा पुग्ने प्रयास गरिएको छ। उक्त पक्षलाई विभिन्न उपशीर्षकमा छलफल र विश्लेषण गरिएको छ ।

### 'कान्छी, भट्टी र देश' कविताको विषयवस्तु

प्रस्तुत 'कान्छी, भट्टी र देश' कवितामा नारी जीवनका पक्षहरूसहित वर्गीय विषयवस्तुको अभिव्यक्ति रहेको छ । पितृसत्तात्मक समाजमा एक्ली कान्छीले बिताउनुपरेको बाध्यता र परिस्थिति यस कविताको विषयवस्तु हो । उसले मन नलागी नलागी पनि भट्टी चलाएकी छे । यो उसको बाध्यात्मक अवस्था हो । उसका मनभित्र दुःख, पिर र वेदना भए पनि हिमाली हाँसोजस्तै कान्छीले बाहिरी मुस्कान देखाउँदै भट्टी थापेकी छे । उसले जीविका चलाउनका लागि गरिब माइतीले दिएको दाइजोबाट भट्टी चलाएकी छे । यो उसको मात्र विवशता होइन, हरेक निम्न वर्गीय नेपाली नारीको समस्या हो । भट्टी चलाएर जिविकोपार्जन गर्ने कान्छी नेपाली समाजका नारीकी प्रतिनिधि पात्र हो । उसलाई ग्राहकको उपहास, कलुषित हेराइ, हेपाइ आदि सहेर पनि व्यापार चलाउनुपर्ने र हाँस्नुपर्ने विवशता छ । उसले भट्टीमा भात र मासु पकाइरहेकी छ। भात र मासुसँगै आफ्ना दुःख, पिर र वेदना पकाउन बाध्य भएकी छे। उसले वेदना, असुरक्षा, छटपटी भोगिरहेकी छे। उसको रूप र बैंस रक्सीका बोतलसँगै रित्तिदै गएका छन् । उसको पहिचान एक श्रमजीवी नारीका रूपमा रहेको छ। राज्यपक्ष र सामाजिक पक्षको अधीनमा रहेकी कान्छी गरीबी, अभाव र अपमानमा जीवन बिताउन बाध्य छे। यो उसको मात्र  समस्या नभएर कान्छीजस्ता निम्न वर्गीय समग्र नेपाली नारीको समस्या हो । पितृसत्तात्मक समाजमा उसको जीवन वेदनामय भएको छ, पति परदेसिएको पुरुषप्रधान सामाजमा नारीको जीवन वेदनामय भएको, परदेसिएका पति र टाढिएका आफन्त सम्झेर उसले दिन काटिरहेकी छे । ऊ कोशीका छालझैँ बन्धक बनेकी छे, गण्डकीझैँ बेचैन र कर्णालीझैँ कामुक आँखाले डामिएकी छे । उसमा प्रतिरोधको भावना रहेको छ । नेपाली नदीनालाझैँ उसलाई स्वदेशी र विदेशी शोषक वर्गको नजरमा परेको प्रस्तुत कवितामा कान्छीले आफूदेखि धेरै टाढा सङ्घर्षमा होमिएका व्यक्तिहरूदेखि नयाँ परिवर्तनका लागि आशावादी रहेकी छे ।

### 'कान्छी, भट्टी र देश' कवितामा सर्वहारा वर्गको पक्षधरता

'कान्छी, भट्टी र देश' कविता मूलतः वर्गीय विषयमा केन्द्रित छ । 'इच्छुक' ले आफू भूमिगत भएको अवस्थामा नेपालका ग्रामीण इलाकाहरूमा गएर त्यहाँको जनजीवनसँग साक्षात्कार हुने अवसर प्राप्त गरे । उनले त्यहाँ परिश्रम गर्ने व्यक्तिहरू दुःखी भएको र केही नगरी बस्ने व्यक्तिले राज्यको सबै सुविधा भोग गरेको अवस्था देखे । यस्तो राज्यको नीति उपल्लो वर्गका पक्षमा मात्र रहेको र बहुसङ्ख्यक निम्नवर्गीय जनता त्यसमा पनि नारी पीडित भएको अवस्थाको पक्षधरतालाई कविले कवितामा प्रस्तुत गरेका छन् । नेपालमा वर्गीय समस्या एक प्रमुख समस्याको रूपमा रहेको छ । वर्गीय समस्यामा नारीले पाएको पीडामा कवि दुःखी भएका छन् । कविताका पङ्क्तिहरूमा उल्लेख भएअनुसार : चियाको किटलीजस्तै भक्भकी उम्लिरहेको दुःखी मन अनि

रक्सीका बोतलहरूसित रित्तिरहेको बैंसालु यौवनलाई

विवशताका भोका थाली र कचौराहरूमा पस्केर

सन्तप्त मुस्कानहरूले उदासी बाँडिरहिछ

कान्छी भट्टी थापिरहिछ । (पङ्क्ति ४-८)

उपर्युक्त कवितांशमा सर्वहारा वर्गको विवशतालाई प्रस्तुत गरिएको छ । भट्टीमा चियाको कित्लीमा चिया उम्लिए जस्तै मन दुःखी भएर उम्लिएको अवस्था नेपाली निम्नवर्गीय पीडा नारीको हो र उसको विवशता भनेको रक्सी बेच्नु पनि हो । यसरी भट्टीमा रक्सी बेचेर नै उसको बैंस समाप्त हुनेछ । उसले खाली भएका थाल र कचौराजस्तै आफ्नो बाध्यतालाई पस्केर भित्र छट्पटी भएपछि बाहिर मुस्कान छाडेर भट्टी थापेकी छे । कवि 'इच्छुक' ले यस्तो असहज पक्षलाई देखाएर नारीका जीवनमा आइपरेको दुःख, कष्ट र विरहका माध्यमबाट वर्गीय अवस्थाका पक्षहरूलाई प्रत्यक्ष गरेर वर्गीय पक्षधरतालाई प्रस्तुत गरेका छन् । यहाँ प्रस्तुत कान्छी एक व्यक्ति कान्छी मात्र नभएर समग्र सर्वहारा वर्गको प्रतिनिधि पात्रको रूपमा रहेकी छे । उसले बिताएको असहज परिस्थिति हरेक सर्वहारा वर्गको प्रतिनिधित्व गर्ने वर्गीय पीडाको अवस्था हो । कवितामा कान्छीले आफ्नो जीविकाको लागि गरीब माइतीले दिएको दाइजोले भट्टी थापेकी छे । यहाँ यात्रुहरू आइरहेका छन् र गइरहेका छन् । ती यात्रुहरूले उसको रूपको नसा पिइरहेका छन् तर त्यो उसको रूपको नसा नभएर बाध्यता र विवशतालाई पिइरहेको अवस्था कविले बताएका छन् । त्यस्तै कान्छीले भट्टी थापेर दिनरात कसरी कटाइरहेकी छे भन्ने सन्दर्भ कविताको निम्न पङ्क्तिहरू उल्लेखनीय छन् :

विदीर्ण मन अनि जीर्ण तनलाई

जोरेर छट्पटीको तातो भुङ्गोभित्र

खिन्न सुस्केराहरूमा पीडाका धुँवाहरू फाल्दै

दिनरात क्लेश काटिरहिछ

कान्छी भट्टी थापिरहिछ । (पङ्क्ति १३-१७)

उपर्युक्त पङ्क्तिहरूबाट कविले कान्छीको अवस्थालाई प्रस्तुत गरेर टुक्राटुक्रा भएर फ्याक पारिएको मन र पुरानो थोत्रो तन भएको चर्चा गरिएको छ । त्यो मन र तनमा छट्पटी भएर दुःख र पीडाका सुस्केर ाहरू फाल्दै दिनरात काटिरहेको सर्वहारा वर्गको अवस्था यसमा उल्लेख गरिएको छ । यसबाट कान्छीको अवस्थालाई मात्र होइन, राज्य र समाजिक रूपमा पछि पारिएका सर्वहारा वर्गको वेदनालाई पनि प्रस्तुत गरेर त्यसको अन्त्य हुनुपर्ने सङ्केत कवितामा अभिव्यक्त भएको पाइन्छ । त्यस्तै सारमा हेर्दा सामन्ती वर्गको उपस्थिति रहेको देखिन्छ, जसबाट निम्न वर्ग सधैँ अधीनस्थ भई बस्न बाध्य हुन्छ । यस सन्दर्भमा निम्नलिखित कविताका पङ्क्तिहरूले पनि सामन्ती वर्गको शोषण गर्ने प्रवृत्तिलाई सङ्केत गरेको देखिन्छ

भट्टीमा भात पाकिरहेछ

भात सँगसँगै कान्छीको लाज पाकिरहेछ

भट्टीमा मासु पाकिरहेछ

मासु सँगसँगै कान्छीको आँसु पाकिरहेछ

भट्टीमा रक्सी बिकिरहेछ

रक्सी सँगसँगै कान्छीको श्री बिकिरहेछ । (पङ्क्ति, १७-२३)

उपर्युक्त साक्ष्यमा कान्छीले भट्टीमा भात पकाइरहेकी छे । वर्गीय समाजमा भात पकाएर जीविका चलाउने निम्न वर्गलाई उपल्लो वर्गले हेर्ने दृष्टिकोणमा भिन्नता रहेको पाइन्छ । निम्न वर्गलाई गर्ने व्यवहार अपमानजनक र घिनलाग्दो पनि हुन्छ । भट्टीमा मासु र रक्सी बेच्ने नारीलाई इज्जतका दृष्टिले पनि तल्लो तहमा राखिन्छ । भट्टी पसल गर्ने वा रक्सी बेच्ने नारीलाई वेश्याको रूपमा समेत हेरेर आफ्ना चेलीबेटीहरूलाई उनीहरूसँग घुम्न र बाहिरी अन्य व्यवहार गर्न समेत बन्देज लगाइन्छ । यस्तो दृष्टिकोणले नारीको इज्जतमा समेत धावा बोलेको र असमानताको व्यवहार गरेर तिरस्कृत गरिएको अवस्था हो । यस्ता नारी नेपाली नारी नै हुन र उनीहरूको बाध्यता, विवशता, दुःख र पीडालाई अनुभूत गर्न सक्नुपर्ने र उनीहरूको पक्षमा आवाज उठाउनुपर्ने कविले सङ्केत पनि गरेका छन् । यस सन्दर्भमा कविताको निम्न पङ्क्तिहरू सान्दर्भिक भएका छन् :

नेपाली छोरी ऊ

हिमालकी गोरी ऊ

विदेशका कोठीमा बेचिएकी अबोध चेलीझैं

गहबाट बहका नदीहरू झारिरहिछ

कान्छी भट्टी थापिरहिछ । (पङ्क्ति, २४-२८)

उपर्युक्त पङ्क्तिहरूमा कान्छी कुनै अन्य व्यक्ति नभएर आफ्नै देशकी एक चेली भएको र ऊ ने पाली नागरिक साथै हिमालकी गोरी भन्ने पदावलीको प्रयोगले सुन्दर नेपाली नारीलाई बुझाएको छ । नेपाली नारी जसरी विदेशी कोठामा बेचिँदा आफ्नो गहभरि आँसु झार्दछन्, त्यसरी नै भट्टी थापेर दुःख, असमानता, शोषण र दमनजस्ता विभिन्न पीडाहरू सहेर कान्छीले बस्नुपरेको परिस्थिति हो भन्ने सङ्केत गरिएको छ । यो कान्छीको मात्र वेदना नभएर समग्र सर्वहारा वर्गको बाध्यात्मक पीडा हो । यही निम्न वर्गीय बाध्यतामा उच्च वर्गद्वारा सिर्जित असमानता र पीडाको छटपटी पनि हो । समग्रमा कविले सर्वहारा वर्गलाई हेर्ने दृष्टिकोणमा भिन्नता आउनुपर्ने सङ्केत सारका रूपमा प्रस्तुत गरेर सर्वहारा वर्गको पक्षधरतालाई प्रस्तुत गरेका छन् ।

## 'कान्छी, भट्टी र देश' कवितामा क्रान्तिकारी आशावाद

मार्क्सवादी चिन्तनमा प्रभुत्वशाली वर्गको दमन र शोषणका विरुद्धमा सर्वहारा वर्गले क्रान्ति गरी परिवर्तनलाई ल्याउँछन् भन्ने मान्यता रहेको छ । क्रान्तिले सर्वहारा वर्गको जीवनमा परिवर्तन ल्याउने र अन्याय अत्याचार तथा दमन, शोषणबाट मुक्ति दिलाउने आशा गरिएको हुन्छ । यस कवितामा पनि '

इन्छुक’ ले क्रान्ति र त्यसबाट नयाँ समाजको निर्माण हुने विचारलाई सङ्केत गर्न कान्छीको विषयलाई प्रस्तुत गरेका छन् । यस सन्दर्भमा कविताको निम्न पङ्क्ति सान्दर्भिक बनेको छ :

जोरेर छट्पटीको तातो भुङ्ग्रोभित्र

खिन्न सुस्केराहरूमा पीडाका धुँवाहरू फाल्दै

दिनरात क्लेश काटिरहिछ । (पङ्क्ति, १४-१५)

माथिको साक्ष्यमा कान्छीको अवस्था प्रस्तुत भएको छ । यो अवस्था कान्छीमा भएको अतिशय पीडाको अवस्था हो । यो अवस्था समग्र सर्वहारा वर्गको भएको हुनाले क्रन्तिकारी चिन्तनको वाहकका रूपमा देखिएको छ । सर्वहारा वर्गलाई गरिएका असमान व्यवहार, पीडा र शोषण तथा दमनका कारण उनीहरू क्रान्ति गर्न बाध्य हुन्छन् र क्रान्तिपछिको अवस्थामा सर्वहारा वर्गको राज्यसत्ताको स्थापना हुने आशा राखिएको हुन्छ । यसै गरी कवितामा युद्धको मोर्चामा लड्न गएका आफ्ना प्रियजनलाई सम्झेर बोलाउँदै सुदिन फर्कने आशा गरिएको छ । यो आशालाई क्रान्तिकारीले सर्वहारा वर्गको पक्षमा युद्ध गरिसकेपछि उज्ज्वल भविष्यप्रतिको आशा हो भनी बुझ्न सकिन्छ । पुँजीवादी समाजमा दमन, शोषण, अन्याय बढ्दै जाँदा निम्न वर्गका मानिसहरू आफ्ना हक र अधिकारका लागि सचेत हुँदै जान्छन् र विद्रोहको जन्म पनि हुन्छ । यस कवितामा छापामार युद्ध तथा क्रान्तिको सङ्केत गरेर अगामी भविष्यप्रति आशावादी रहेको प्रस्तुति पाइन्छ । यसलाई निम्न पङ्क्तिहरूको माध्यमबाट थप प्रस्ट पार्न सकिन्छ :

जो आफूदेखि धेरै टाढा

सुदूर छाउनी र पराइका मोर्चाहरूमा बेखबर

प्रिय पति र मायालु बन्धुहरूलाई सम्झेर

स्नेहपूर्ण भाकामा डाकिरहिछ । (पङ्क्ति, ३५-३८)

प्रस्तुत पङ्क्तिहरूमा युद्धका लागि सम्पर्कविहीन भएर कान्छीका आफ्ना प्रियजन र मायालु बन्धुहरू दूर छाउनी र मोर्चामा आबद्ध भएका छन् । यिनीहरू नै क्रान्ति तथा परिवर्नका संवाहक भएको र तिनीहरूकै माध्यमबाट सर्वहारा वर्गले आफ्नो अधिकार सुनिश्चित गर्ने तथा दुःख, पीडा र असमानताको अन्य गर्ने आशा राखिएको प्रस्ट हुन्छ ।

### ‘कान्छी, भट्टी र देश’ कवितामा साम्यवादी लक्ष्य

मार्क्सवादी चिन्तनको मूल उद्देश्य सर्वहारा वर्गको पक्षमा उभिएर पुँजीपति वर्गको राज्यसत्तालाई फालेर साम्यवादी व्यवस्था कायम गर्नु हो । समाजमा विद्यमान शोषण, दमन, अन्याय, अत्याचार र असमानताका खाडलहरू बढ्दै गएमा विचारधारात्मक सङ्घर्षको अवश्यकता रहेको मानिन्छ । यस्तो अवस्थामा क्रान्तिका पक्षधर वर्गीय शक्तिहरू परिवर्तन तथा वर्गीय पक्षमा एकजुट हुन्छन् । उनीहरूमा चेतना भरिदै आउँछ र वास्तविक यथार्थको पनि ज्ञान हुन्छ । शोषित, पीडित तथा सर्वहारा वर्ग भ्रमबाट मुक्त हुनका लागि क्रान्तिको बाटो रोज्छन् । यही क्रान्तिले नै साम्यवादी लक्ष्यलाई पहिल्याएको हुन्छ ।

प्रस्तत् 'कान्छी, भट्टी र देश' कवितामा पनि कान्छीलाई सर्वहारा वर्गको प्रतिनिधि पात्रको रूपमा प्रस्तुत गरिएको छ र उसका पीडा, व्यथा र जीवनका असमान भोगाइहरूको माध्यमबाट नारीको मुक्तिको बाटो खोलिनुपर्ने सङ्केत गरिएको छ ।

कवितामा "कोही उसको रूपको नशा पिइरहेछन्" (पङ्क्ति ११) बाट कान्छीलाई हेर्ने दृष्टिकोण शोषणयुक्त सामाजिक परिवेशको रहेको देखिन्छ । त्यस्तै "दिनरात क्लेश काटिरहिछ" (पङ्क्ति १६) बाट उसले दिनरात दुःखी भएर बिताउनुपरेको अवस्थालाई देखाइएको छ । कान्छीले पाएका पीडाका आँसुलाई कविले "मानौं खुसी खोसिएका कोशीका अशान्त छालहरू हुन्" (पङ्क्ति, ३०) भनी अभिव्यक्त गरेका छन् भने उसका रहरहरूलाई "मानौं बन्धकी परेका गण्डकीका बेचैन लहरहरू हुन्" (पङ्क्ति, ३२) भनेका छन् । त्यस्तै "घरिघरि ठालुका कामुक आँखाले डामिएकी कर्णाली हो" (पङ्क्ति, ३४) भन्ने अभिव्यक्तिबाट कान्छीलाई निम्न वर्गीय कन्याका रूपमा लिएर ठूला देशका आँखामा परेकी कर्णालीजस्तै ठानिएको छ । यी सबै अभिव्यक्ति सर्वहारा वर्गले भोग्नुपर्ने पीडाका बिम्बहरू हुन् । यसमा प्रस्तुत कोशी, गण्डकी र कणाली नदीहरूको सन्दर्भ र छालहरूको विषयले कुनै पनि बेलामा नदी उर्लेर आउन सक्ने र छालले सबै सोहोरेर लैजान सक्ने पनि सङ्केत गरिएको छ । यसबाट कविले नेपाली नारीले भोग्नुपरेको पीडालाई प्रस्तुत गरेर त्यसका अन्त्यका लागि साम्यवादको स्थापनार्थ धेरै टाढा मोर्चाबन्द भएर क्रान्तिकारी व्यक्तिहरू बसेको पनि उल्लेख गरेका छन् । यस सन्दर्भमा कविताको निम्न पङ्क्तिहरू सान्दर्भिक हुन्छन् :

जो आफूदेखि धेरै टाढा

सुदूर छाउनी र पराइका मोर्चाहरूमा बेखबर

प्रिय पति र मायालु बन्धुहरूलाई सम्झेर

स्नेहपूर्ण भाकामा डाकिरहिछ

कान्छी भट्टी थापिरहिछ । (पङ्क्ति ३५-३९)

प्रस्तुत पङ्क्तिहरूमा पनि क्रान्तिका विचारलाई सुदूर छाउनी र पराइका मोर्चाहरूको सन्दर्भले जोडेको छ । यो क्रान्तिपश्चात् कान्छीका समस्याहरूको समाधान हुने भाव यसबाट प्राप्त भएको छ । जुन प्रभुत्वशाली वर्गको दमन, शोषण र असमानताबाट मुक्तिको बाटोतर्फ उन्मुख भएको हुन्छ । यसबाट निम्न वर्गको पक्षमा सङ्घर्ष निरन्तर हुने साथै एक दिन विद्रोहात्मक क्रान्ति पनि हुने र राज्यसत्ता सर्वहारा वर्गको हुने सङ्केत पनि प्राप्त भएको छ । यो सङ्केतले साम्यवादी लक्ष्यलाई समेटेको प्रस्ट हुन्छ ।

## निष्कर्ष

कृष्ण सेन 'इच्छुक' वर्गीय पक्षधरतालाई मूल चिन्तनको रूपमा स्वीकार गर्ने मार्क्सवादी विचारसँग सम्बद्ध कवि हुन् । उनको 'कान्छी, भट्टी र देश' कविता सर्वहारा वर्गका रूपमा कान्छीलाई प्रस्तुत गरेर नेपाली नारी जीवनका जटिलताको अभिव्यक्ति दिने साहित्य सिर्जना हो । यस कवितामा निम्न वर्गीय नारीका अभाव, पीडा, उत्पीडन, छटपटी, वेदना, असमानता र सीमान्तीकृत भएको अवस्थालाई प्रस्तुत गरी क्रान्तिचेतसहित साम्यवादी लक्ष्यलाई सङ्केत गरिएको छ । यहाँ सामन्ती वर्गलाई अप्रत्यक्ष रूपमा

प्रस्तुत गरी पितृसत्तात्मक राज्यव्यवस्थामा नारीले असमानताका विभिन्न उत्पीडन भोग्नुपर्ने विचारसहित असमानताको खाडललाई पुर्नका निन्ति क्रान्तिको आवश्यकतालाई औल्याइएको छ । कवितामा कान्छीका पीडालाई केन्द्रमा राखेर उसले भोगेका भोगाइसहित कोशी, गण्डकी, कर्णाली नदीमा विदेशी आँखा परे झैँ कान्छीमा पनि शोषक, सामन्ती वर्गको गिद्धे नजर परेको विषयलाई बिम्बात्मक रूपमा प्रस्तुत गरिएको छ । कवि 'इच्छुक'ले कान्छीको विषयलाई समग्र निम्न वर्गीय नारीको समस्यामा रूपान्तरित गरी सर्वहारा वर्गको पक्षधरतालाई प्रस्तुत गरेका छन् । कान्छीका दुःख, कष्ट, पीडा, उत्पीडन र वेदनाका तथ्यहरूको अभिव्यक्तिसहित कविले कान्छीमा भित्री पीडाको सागर भएपनि बाहिर हाँसेर भट्टी थाप्न विवस भएको विषयलाई समेटेर कान्छी जस्ता नारीलाई सम्मान गर्न र उनीहरूको मुक्तिका लागि क्रान्ति गर्नुपर्ने भाव पनि प्रस्तुत गरेका छन् । यो क्रान्तिपछि सर्वहारा वर्गको पक्षमा साज्यसत्ता हुने र समतामूलक समाजको निर्माण हुने आशावादिता हो । कवितामा सुदूर छाउनीमा मोर्चाबन्द भई बसेका प्रिय पति र मायालु बन्धुहरू बसेका हुनाले उनीहरूले शोषण, दमन, अन्याय, अत्याचारका विरुद्धमा क्रान्तिको विगुल फुक्ने भाव प्रस्तुत गरिएको छ । समग्रमा 'इच्छुक' ले कान्छीलाई समग्र सर्वहारा वर्गीय नेपाली नारीको प्रतिनिधि पात्रको रूपमा प्रस्तुत गरेका छन् । उनले कान्छीकै पीडाको माध्यमबाटसर्वहारा वर्गको पक्षधर ताको अभिव्यक्ति गरी साम्यवादको लक्ष्यमा पुग्नका लागि मुक्तिको बाटो रोज्नु पर्ने अर्थात् क्रान्ति हुने र त्यसबाट नयाँ समाजको निर्माण हुने भाव प्रस्तुत गरेका छन् । अतः यस कवितामा कान्छीको अवस्थाको केन्द्रीयतामा मार्क्सवादी चिन्तनलाई प्रभावकारी रूपमा प्रस्तुत गरिएको छ ।

## सन्दर्भसूची


आचार्य, विवेकराज (सन् २०११), पायनीयर राइटर्स , विवेक सिर्जनशील प्रकाशन ।

'इच्छुक' कृष्ण सेन (२०६५), इच्छुक रचनावली भाग-२, इच्छुक सांस्कृतिक प्रतिष्ठान (सम्पा.), प्रगतिशील अध्ययन केन्द्र ।

उप्रेती, सञ्जीव (२०६९), सिद्धान्तका कुरा, अक्षर त्रियसन्स नेपाल ।

एटम, नेत्र (२०७४), सङ्क्षिप्त साहित्यिक शब्दकोश, नेपाल प्रज्ञा-प्रतिष्ठान ।

चैतन्य (२०६५), आजका प्रतिनिधिमूलक कवितासङ्ग्रह, इच्छुक रचनावली भाग-२, प्रगतिशील अध्ययन केन्द्र ।

त्रिपाठी, वासुदेव (२०५८), पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा भाग-१, साझा प्रकाशन ।

प्रभात, विष्णु (२०५६). इतिहासको यस घडीमा : इच्छुक. कलम, १(२१-२४), ४०-४३ ।

पाण्डेय, ताराकान्त (२०५४). द्वन्द्वरत वर्तमान र वर्तमानका कविता लेखन.कलम, २(१५), ६४-७७ ।

पाण्डेय, ताराकान्त (२०७३), मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको सामाजशास्त्र, साझा प्रकाशन ।

बराल, ऋषिराज (२०५२), मार्क्सवाद र उत्तरआधुनिकतावाद, साझा प्रकाशन ।

बराल, ऋषिराज (२०५७), सेनजी, ! अस्त्रोवस्कीका 'सपनाहरू' नभुल्नोस् है !,बन्दी र चन्द्रागिरि. प्रगतिशील अध्ययन केन्द्र ।

भट्ट, गोविन्द (२०५५), मार्क्सवाद नेपाली साहित्यकोश, ईश्वर बराल र अन्य (सम्पा.), नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

भण्डारी, जगदीशचन्द्र (२०५५),प्रगतिवादी नेपाली कविता : रेखाङ्न र विश्लेषण, मुन्नी भण्डारी ।

मिश्र, शिवकुमार (सन् २०१०), मार्क्सवादी साहित्य चिन्तन : इतिहास तथा सिद्धान्त, वाणी प्रकाशन ।

लुइँटेल, खगेन्द्रप्रसाद (२०६०),कविता सिद्धान्त र नेपाली कविताको इतिहास , नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

श्रेष्ठ, कृष्णदास ((२०७५, पुष, १४), वर्ग सङ्घर्ष भनेको के हो ?, पुनः प्राप्त २०७९.०९.१८